आयोगको गठनविधिः

१. श्री शिवबहादुर थापा, भू.पू. अञ्चल न्यायाधीश – अध्यक्ष
२. श्री ए.के.दास, रिडर, वन विज्ञान अध्ययन संस्थान, पोखरा – सदस्य
३. श्री शारदाभक्त पौडेल, सहायक सचिव, आपूर्ति मन्त्रालय – सदस्य
४. श्री श्रीराम श्रेष्ठ – सदस्य

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## स्थानीय विकास मन्त्रालयको सूचना

दुर्गम क्षेत्र विकास समिति (गठन) आदेश, २०३३ को दफा ३ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मिति २०४७।८।२४ गते देखि लागू हुने गरी दुर्गम क्षेत्र विकास समितिमा देहायबमोजिमका सदस्यहरू रहने गरी थपघट तथा हेरफेर गरेको छ ।

(क) माननीय स्थानीय विकास मन्त्री – अध्यक्ष
(ख) राष्ट्रिय योजना आयोगको सदस्य – सदस्य
(ग) स्थानीय विकास मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणीस्तरको प्रतिनिधि – ,,
(घ) गृह मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणीस्तरको प्रतिनिधि – ,,
(ङ) अर्थ मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणीस्तरको प्रतिनिधि – ,,
(च) कृषि मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणीस्तरको प्रतिनिधि – ,,
(छ) निर्माण तथा यातायात मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणीस्तरको प्रतिनिधि – ,,
(ज) आवास तथा भौतिक योजना मन्त्रालयको सचिव वा राजपत्राङ्कित प्रथम श्रेणीस्तरको प्रतिनिधि – ,,

423



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।